सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १८६ ♦ २०८२ साल फागुन २८ विहिवार ♦ 12 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेशमा दुई तिहाई युवा उम्मेदवार विजयी

**खबर दर्पण समाचारदाता**

**फागुन २७ गते, बर्दिवास**

जेनजी आन्दोलनको जगमा भएको प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्षतर्फबाट निर्वाचित हुने युवाको संख्यामा भारी वृद्धि भएको छ । मधेश प्रदेशमा दुई तिहाई युवा उम्मेदवार विजय भएका छन् । यी विजयी युवा उम्मेदवार मध्ये एकजना जेनजी उम्मेदवार हुन् । प्रदेशको ३२ निर्वाचन क्षेत्र मध्ये ४० वर्षमुनि उमेर समूहका १२ जना र ५० वर्ष मुनिका १२ जना उम्मेदवार विजयी भएका छन् भने ८ जना ५० वर्षमाथि उमेर समूहका छन् । प्रदेशका ३२ क्षेत्र मध्ये ३० वटामा राष्ट्रिय स्वतन्त्र पार्टीकै उम्मेदवार छन् भने एक/एक जना कांग्रेस र नेकपाले जितेका छन् ।

नेकपाका उम्मेदवार मो. फिर दोस आलम युवा हुन् भने




नेकपाका मातृका यादव ५० वर्षमाथिका हुन । २०७९ को निर्वाचनमा प्रत्यक्षतर्फबाट देशभरिबाट जम्मा १० जना मात्र युवा चुनिएका थिए । पछिल्लो चुनावको तुलनामा यस पटक युवा सांसदको संख्या सात गुणाले वृद्धि भएको हो ।

कांग्रेस र नेकपा बाहेक अन्य कुनै दलले उम्मेदवार जिताउन सकेका छैनन् । देशका धेरैजसो मतदाता पुरानै अनुहार दोहोरि रहने तर देशको स्थिति नसुध्रिने अवस्थाबाट दिक्क थिए । त्यसैमाथि भदौ २३ गते जेनजीमाथि भएको आन्दोलन उनीहरूले बिर्सिएका थिएनन् । मतदाताले यस पटक वैकल्पिक शक्तिको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सत्ता सुम्पने मत दिएका छन् ।

त्यसो त भावी प्रधानमन्त्री बालेन शाह नै ३६ वर्षिय युवा हुन् । रास्वपाले शाहलाई चुनावअगाडि नै पार्टीबाट प्रधानमन्त्रीको रूपमा अगाडि सारेको थियो । युवा उम्मेदवारलाई प्रधानमन्त्रीको उम्मेदवारमा रास्वपाले अघि सारेको असर मधेशमा मात्र होइन देशैभरि परेको हो । जसको परिणामस्वरुप मधेशमा दुई तिहाई अर्थात २४ उम्मेदवार नै युवा विजयी भएका छन् ।

यसपटक प्रतिनिधिसभा सदस्य निर्वाचनमा ४० वर्षमुनिका युवाले उल्लेखनीय सफलता हात पारेका छन् । पुराना पुस्ताको बाक्लो उपस्थिति रहेको संसद्मा अब भने नयाँ पुस्ताको उपस्थिति बढी देखिनेछ । यस निर्वाचनको परिणामले नेपाली राजनीतिमा पुस्तान्तरणको बहसलाई नयाँ ऊर्जा दिएको छ । प्रदेशबाट विजयी हुने जेनजी उम्मेदवार हुन् ।

सिरहा १ बाट निर्वाचित २८ वर्षिय बब्लु गुप्ता उनी नेपाली कांग्रेसका दिग्गज नेता मध्येका रामसुन्दर चौधरीलाई भारी मतान्तरले पराजित गरेका हुन् । गुप्ताले ४१ हजार ३२२ मत ल्याएका छन् भने चौधरीले मात्र ९ हजार ७७४ मत ल्याएका छन् । ४० वर्ष मुनि उमेर समूहका विजयी रास्वपा

बाँकी पृष्ठ ३ मा

## सिरहामा बार एसोसिएसन कार्यालयमा बम विष्फोट



**खबर दर्पण समाचारदाता**

**फागुन २७ गते, बर्दिवास**

सिरहा जिल्ला सदरमुकामस्थित जिल्ला अदालत बार एसोसिएसनको कार्यालय रहेको भवनमा बम विष्फोट भएको छ ।

विष्फोटमा परेर एक जना सहयोगी घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यलय प्रमुख उपरीक्षक वासुदेव पाठकका अनुसार बार एसोसिएसनको भवनमा सटर लिएर ल फर्म चलाइरहेको कानुन व्यवसायी अधिवक्ता मकसुदन यादको 'ल फर्म'मा विष्फोट भएको हो । विष्फोटमा फर्ममा काम गर्ने ३५ वर्षीय सहयोगी सौरभ यादवको हात खुट्टामा चोट लागेको छ । चोट लागेका यादवलाई प्रादेशिक अस्पताल सिरहामा उपचार भइरहेको छ ।

विष्फोट भएको ठाउँमा कुनै पर्चा पम्पलेट फेला नपरेकोले विष्फोट कसले किन गराएको यकिन नभएको प्रहरी प्रमुख पाठकले बताउनुभयो । सुतली बम हो कि अन्य कुनै बम हो यसबारे यकिन नभएको उहाँले भन्दै विष्फोट गराउने समूहको खोजीमा प्रहरी लागि सकेको बताउनुभयो ।

PROGRESSIVE ACADEMY
BARDIBAS-1 MAHOTTARI

Progressive Academy
Bardibas -1, Mahottari

Teachers Wanted

We are looking for committed, competent and qualified professional for the following vaccant posts.

1. Front dest officer - 1. (Good in communication.)
2. Teacehrs for Pre-school - 5.
   a. At least +2 completed.
   b. Good command over English.
   c. Trained in ECD will be pfrefered.
3. Teacehrs for Primary / Lower Secondary
   a. Maths 1/1
   b. English 1/1
   c. Sciecne 1/1
   d. Nepali 1/1
   e. S. Studies 1/1
   f. Computer 1

At least Bachelor in respective area. Masters degree is prefered.

Send your complete CV within 27th of Falgun
progressivebardibas@gmail.com

98540-55122 | 044-590422
www.progressivebardibas.com

# निर्वाचन: दुई हजार ८९० उम्मेदवारको जमानत जफत, ३५० जनाको मत 'शून्य'



**खबर दर्पण समाचारदाता**

**फागुन २७ गते, बर्दिवास**

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ (पहिलो हुने निर्वाचित हुने प्रणाली) प्रतिस्पर्धा गरेका ठुलो सङ्ख्याका उम्मेदवारको धरौटी (जमानत) जफत भएको छ ।

निर्वाचन आयोगका अनुसार यस पटकको निर्वाचनमा दुई हजार ८ सय ९० जना उम्मेदवारले आफ्नो जमानत जोगाउन सक्नुभएको छैन ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले निर्वाचनमा भाग लिन चाहने उम्मेदवारले कानुनबमोजिम निश्चित धरौटी रकम राख्नुपर्ने व्यवस्था रहेको जानकारी दिनुभयो। उहाँका अनुसार सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको जमानत जफत हुने कानुनी प्रावधान छ ।

सूचना अधिकारी घिमिरे भन्नुहुन्छ, "प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ दुई हजार ८ सय ९० जना उम्मेदवारको जमानत जफत भएको छ। तीमध्ये ३ सय ५० जना उम्मेदवारको त मत नै आएको छैन, अर्थात् उहाँको मत गणनामा शून्य देखिन्छ।"

निर्वाचनमा प्रतिस्पर्धा गरेकामध्ये जम्मा ५ सय १६ जना उम्मेदवार ले मात्र आफ्नो जमानत जोगाउन सफल हुनुभएको छ। जमानत जोगाएका उम्मेदवार ले निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भएको ९० दिनभित्र धरौटी रकम फिर्ताका लागि निवेदन दिनुपर्ने प्रक्रिया रहेको आयोगले जनाएको छ ।

### कस्तो अवस्थामा हुन्छ जमानत जफत ?

निर्वाचनसम्बन्धी कानुनअनुसार कुनै पनि उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रमा खसेको कुल सदर मतको १० प्रतिशतभन्दा बढी मत प्राप्त गरेमा मात्र धरौटी रकम फिर्ता हुन्छ। यदि सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त भएमा उक्त र कम राज्यको ढुकुटीमा जफत हुने कानुनी व्यवस्था छ।


### ३५० उम्मेदवारको मत शून्य

आयोगका अनुसार जमानत जफत भएका उम्मेदवारमध्ये ३ सय ५० जनाले एक मत पनि प्राप्त गर्न सक्नुभएको छैन । यसले कतिपय उम्मेदवारले स्वयं आफूलाई वा आफ्नै परिवारको मतसमेत प्राप्त गर्न नसकेको पुष्टि गर्छ। प्रत्यक्षतर्फ चुनावी मैदानमा उत्रिएकामध्ये ५ सय १६ जनाले मात्र कुल सदर मतको १० प्रतिशतको सीमा कटाउनुभएको छ ।

### रकम फिर्ताको प्रक्रिया

जमानत जोगाउन सफल ५ सय १६ जना उम्मेदवारले आफ्नो धरौटी रकम फिर्ता पाउन निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भएको ९० दिनभित्र आयोगमा निवेदन दिनुपर्नेछ । रीतपूर्वक निवेदन दिएपछि कानुनबमोजिम सो रकम फिर्ता गरिने आयोगले जनाएको छ ।

# धनुषामा यस वर्ष करिब ३४ हजार मेट्रिक टन पुग्ने प्रक्षेपण



**खबर दर्पण समाचारदाता**

**फागुन २७ गते, बर्दिवास**

धनुषा जिल्लामा आँप फुल्ने महत्वपूर्ण चरण सुरु भएसँगै किसानलाई विषादी प्रयोग नगर्न आग्रह गरिएको छ ।

कृषि ज्ञान केन्द्र धनुषाले यस समयमा विषादी प्रयोग गर्दा परागण प्रक्रियामा असर पर्ने तथा उत्पादन र फलको गुणस्तरमा नकारात्मक प्रभाव पर्न सक्ने भन्दै किसानलाई सचेत रहन अनुरोध गरेको हो ।

कृषि ज्ञान केन्द्र धनुषाका सूचना अधिकारी गणेश अधिकारीका अनुसार अहिले आँपका बोटमा फुल्ने संवेदनशील समय चलि रहेको छ । यस्तो अवस्थामा विषादी प्रयोग गरिएमा परागणमा संलग्न किरा तथा मौरी प्रभावित हुने भएकाले उत्पादन घट्ने जोखिम रहने उनले बताए ।

उनका अनुसार यस वर्ष अनुकूल मौसम, समयमै गरिएको बगैंचा व्यवस्थापन तथा किसानको बढ्दो आकर्षणका कारण जिल्लामा आँप उत्पादन उल्लेखनीय रूपमा बढ्ने अनुमान गरिएको छ। धनुषामा हाल करिब ३ हजार ३ सय हेक्टर क्षेत्रफलमा आँप खेती भइर हेको छ ।

गत वर्ष जिल्लामा करिब १७ हजार मेट्रिक टन आँप उत्पादन भएको थियो । तर, यस वर्ष उत्पादन दोब्बर बढेर करिब ३४ हजार मेट्रिक टन पुग्ने प्रक्षेपण गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

धनुषामा उत्पादन हुने आँप काठमाडौं उपत्यका, पोखरा, नारायणघाट लगायतका हिमाली तथा पहाडी जिल्लामा बिक्रीका लागि पठाइने गरिएको छ। उत्पादन वृद्धि भएसँगै यस वर्ष बजारमा आँपको आपूर्ति सहज हुने र किसानको आम्दानी पनि बढ्ने विश्वास गरिएको छ ।

कृषि ज्ञान केन्द्र धनुषाले किसानलाई बगैंचा व्यवस्थापन, प्राविधिक परामर्श तथा रोग-कीरा नियन्त्रणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।


## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

- आफ्ले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक


# शिक्षा क्षेत्र सुधारबारे सांसद मनिष झाको निजी विद्यालय पदाधिकारीसँग छलफल

**खबर दर्पण समाचारदाता**

**फागुन २७ गते, बर्दिवास**

धनुषा क्षेत्र नं. ३ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधाममा निजी विद्यालयसँग सम्बन्धित संस्थाका पदाधिकारीहरूसँग भेटघाट गर्दै शिक्षा क्षेत्र सुधारका विषयमा छलफल गरेका छन्।

भेटघाटका क्रममा विद्यालय क्षेत्रको वर्तमान अवस्था, शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीमैत्री वातावरण निर्माणका विषयमा विस्तृत रूपमा विचार विमर्श गरिएको हो।

छलफलमा निजी विद्यालयहरूले शिक्षा प्रणालीमा खेल्दै आएको भूमिका र त्यसलाई अझ प्रभावकारी बनाउने उपाय बारे पनि कुराकानी भएको बताइएको छ।



सांसद झाले गुणस्तरीय शिक्षाका लागि सबै सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै विद्यालयहरूले विद्यार्थीको समग्र विकासमा केन्द्रित कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए।

उक्त अवसरमा निजी विद्यालयका पदाधिकारीहरूले पनि विद्यालय सञ्चालनका चुनौती, शैक्षिक सुधारका सम्भावना तथा सरकारसँगको समन्वयबारे आफ्ना धारणा राखेका थिए।

छलफलले शिक्षा क्षेत्रको सुधार र समन्वयलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

# जमिनमा गाडिएको …………

मोटरसाइकल देखेपछि प्रहरीलाई जानकारी गराएका थिए।

त्यसपछि पुगेको प्रहरी टोलीले जमिनबाट मोटरसाइकल निकालेर नियन्त्रणमा लिएको हो।

फेला परेको मोटरसाइकल नेपाली नम्बर ज ८ प ९९७ को सुपर स्प्लेण्डर रहेको प्रहरीले जनाएको छ। उक्त मोटरसाइकल हाल प्रहरी चौकी मगरथानामा राखिएको छ।

प्रहरीका अनुसार मोटरसाइकल कसले र किन जमिनमा गाडेको भन्ने विषयमा अनुसन्धान सुरु गरिएको छ।

घटनाबारे विस्तृत अनुसन्धान भइरहेको र मोटरसाइकलको वास्तविक मालिक एवम् घटनाको कारण पत्ता लगाउने प्रयास भइरहेको प्रहरी चौकी मगरथानाले जनाएको छ।

प्रहरीले मोटरसाइकलसँग सम्बन्धित व्यक्तिको खोजी गर्दै घटनाको थप अनुसन्धान अघि बढाएको जनाएको छ।

# मधेशमा दुई तिहाई युवा….

उम्मेदवारहरुमा सर्लाही २ बाट ३८ वर्षिय रबिन महतो, बारा ४ बाट ३९ वर्षिय रहबर अन्सारी, सिरहा २ बाट ३० वर्षिय शिवशंकर यादव, सप्तरी १ बाट ३६ वर्षिय पुष्पा चौधरी, सप्तरी २ बाट ३० वर्षिय रामजी यादव, सिरहा ४ बाट ३३ वर्षिय तपेश्वर यादव, महोत्तरी १ बाट ४० वर्षिय प्रमोद महतो, महोत्तरी २ बाट ३४ वर्षिय दिपक कुमार साह, महोत्तरी ३ बाट ३३ वर्षिय उज्जवल कुमार झा, पर्सा २ बाट ३६ वर्षिय शुशिल कानु, रौतहट २ बाट कांग्रेसका डा. फिरदोस आलम छन्।

सिरहा ४ का ३३ वर्षिय तपेश्वर यादवले राजकिशोर यादव, धर्मनाथ साह, विरेन्द्र प्रसाद महतो र अजयशंकर नायक जस्ता चार/चारजना दिग्गज नेता तथा पूर्वमन्त्रीलाई २८ हजार बढी मतान्तरले विजयी भएका हुन्। सप्तरी २ बाट विजयी भएका ३० वर्षिय रामजी यादव जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव हुन्। उनले अध्यक्ष यादवलाई दोब्बर मतले पराजित गरेका छन्। तपेश्वरले २८ हजार ४०४ मत ल्याएको छ भने अध्यक्ष यादवले मात्र १४ हजार २६३ मत ल्याउन सकेका छन्।

यस्तै ४०–५० उमेर समूहका पनि १२ जना युवा उम्मेदवार विजयी भएका हुन्। ती सबै रास्वपाकै उम्मेदवार हुन्। सर्लाही १ बाट वर्ष ४३ का नितिमा कार्की, धनुषा ३ बाट वर्ष ४५ का मनिष झा, धनुषा २ बाट वर्ष ४९ का रामविनोद यादव, बारा ३ बाट वर्ष ४१ क अरविन्द साह, बारा १ बाट वर्ष ४३ का गणेश धिमाल, रौतहट ४ बाट वर्ष ४३ का गणेश पौडेल, बारा २ बाट वर्ष ४२ का चन्दन सिंह, सप्तरी ३ बाट वर्ष ४४ अमरकान्त चौधरी, सिरहा ३ बाट वर्ष ४१ क शम्भुकुमार यादव, पर्सा ४ बाट वर्ष ५० का टेकबहादुर शाक्य, रौतहट ३ बाट वर्ष ४८ का रविन्द्र पटेल र पर्सा १ बाट वर्ष ४६ का बुद्धिप्रसाद पन्त रहेका छन्।

त्यस्तै ५० वर्षमाथि उमेर समूहका विजयी हुने उम्मेदवार मध्ये धनुषा १ बाट नेकपा मातृका यादव बाहेक सबै ७ वटै रास्वपाकै उम्मेदवार हुन्। ती मध्ये धनुषा ४ बाट वर्ष ५१ का राजकिशोर महतो, सर्लाही ३ बाट वर्ष ५३ का नरेन्द्र साह कलवार, सप्तरी ४ बाट वर्ष ६५ का सीताराम साह, सर्लाही ४ बाट वर्ष ५५ का अमरेश सिंह, महोत्तरी ४ बाट वर्ष ५४ की गौरी कुमारी, पर्सा ३ बाट वर्ष ५७ का रामाकान्त चौरसिया र रौतहट १ बाट वर्ष ५४ का राजेश्वर चौधरी रहेका छन्।

# जनकपुरधाममा ट्राफिक…..

बिजुलीको पोल हटाइएको ट्राफिक प्रहरीले जनाएको छ। यी सुधारपछि उक्त स्थानमा दुर्घटनाको संख्या शून्यमा झरेको दाबी गरिएको छ।

प्रहरी निरीक्षक शाहीको योजनाअनुसार रामानन्द चोकलाई नमुना चोकका रूपमा विकास गर्ने प्रक्रिया पनि सुरु गरिएको छ। सडक विभागसँगको सहकार्यमा चोक क्षेत्रमा ‘फ्लेक्सिबल स्प्रिङ पोस्ट’ जडान गरी ट्राफिक व्यवस्थापनलाई थप व्यवस्थित बनाउने काम अघि बढाइएको हो।

यस योजनाको कार्यान्वयनअघि रामानन्द चोकमै सर्वपक्षीय बैठक आयोजना गरी स्थानीय, सरोकारवाला निकाय तथा सम्बन्धित पक्षसँग छलफल गरिएको थियो।

ट्राफिक प्रहरीका अनुसार प्राप्त सुझाव र समर्थनलाई आधार बनाएर योजनालाई कार्यान्वयनमा ल्याइएको हो। प्रहरी निरीक्षक शाहीले जनकपुरधामका अन्य व्यस्त स्थानहरूमा पनि चरणबद्ध रूपमा ट्राफिक व्यवस्थापन सुधारका कार्यक्रम लागू गरिने बताए।

उनका अनुसार सवारी दुर्घटना न्यूनीकरण, ट्राफिक अनुशासन कायम र सडकलाई व्यवस्थित तथा सुरक्षित बनाउने लक्ष्यसहित काम अघि बढाइनेछ।

धर्मको धरोहर - जनकपुरधाम

इतिहासको पहिचान - जनकपुरधाम

आस्थाको केन्द्र - जनकपुरधाम

नगरका धार्मिक, पौराणिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्दै

जनकपुरधामलाई आकर्षक धार्मिक पर्यटकीय नगरी बनाऔं।

सम्पदा जोगाऔं, पर्यटन बढाऔं, जनकपुरधाम उज्यालो बनाऔं।

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

भूकम्पबाट जोगिन सचेत बनौं

❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।

औरही नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

मटिहानी नगरपालकि, महोत्तरी

# जनकपुरधाममा ट्राफिक व्यवस्था व्यवस्थित बनाइदै

खबर दर्पण समाचारदाता

**फागुन २७ गते, बर्दिवास**

धनुषा जिल्लामा ट्राफिक व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले विभिन्न सुधारका पहलहरू अघि बढाएको छ ।

ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक सुर्यबहादुर शाहीको नेतृत्वमा प्रविधिमैत्री तथा योजनाबद्ध ट्राफिक व्यवस्थापनमा जोड दिँदै जनकपुरधाममा नयाँ अभ्यासहरू लागू गर्न थालिएको हो ।



ट्राफिक प्रहरीको पहलमा जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रवेशद्वारमा डिजिटल डिस्प्ले बोर्ड जडान गरिएको छ। साथै, जनकपुरधामका विभिन्न चोक तथा सडक क्षेत्रमा हालसम्म ४३ वटा सीसीटीभी क्यामेरा जडान गरिसकिएको छ ।

यी क्यामेराले सवारी आवागमनको निगरानी र ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग पुगेको ट्राफिक प्रहरीले जनाएको छ ।

यसैबीच, रामानन्द चोकदेखि जनक चोकसम्मको सडकलाई 'वन वे' प्रणालीमा सञ्चालन गर्ने निर्णय सर्वपक्षीय सहमतिका आधारमा कार्यान्वयनमा ल्याइएको छ ।

उक्त निर्णयपछि विशेषगरी अस्पताल रोड क्षेत्रमा लामो समयदेखि देखिँदै आएको सवारी जामको समस्या कम हुँदै गएको स्थानीयवासीले बताएका छन् ।

त्यस्तै, बाबा पेट्रोल पम्प पुल नजिक बारम्बार सवारी दुर्घटना हुने स्थानलाई 'ब्ल्याक स्पट'का रूपमा पहिचान गरी दुर्घटना न्यूनीकरणका उपायहरू अपनाइएको छ ।

सडक विभागसँगको समन्वयमा सो क्षेत्रमा रम्बल स्ट्रिप, जेब्रा क्रसिङ र वाल ब्यारियर निर्माण गरिएको छ। साथै, नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरेर दुर्घटनाको कारण बनेको

बाँकी पृष्ठ ३ मा

# जमिनमा गाडिएको अवस्थामा मोटर साइकल फेला



खबर दर्पण समाचारदाता

**फागुन २७ गते, बर्दिवास**

महोत्तरी जिल्लाको सोनमा गाउँपालिका-६ स्थित मगर थानामा जमिनमा गाडिएको अवस्थामा एउटा मोटरसाइकल फेला परेको छ ।

स्थानीयवासीले शंकास्पद अवस्थामा जमिनमा गाडिएको

बाँकी पृष्ठ ३ मा

## ट्रान्सक्रिप्ट सर्टिफिकेट हरायो

औरही बजारवाट घरतर्फ जाने क्रममा २०८२।११।५ गते निम्न व्यहोरा भएको स्नातक तहको **ट्रान्सक्रिप्ट सर्टिफिकेट** हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा 9807868944 नम्बरमा फोन गरेर जानकारी गराई दिनु हुन अनुरोध छ ।

नाम : विजय कुमार यादव

रजिस्ट्रेसन नं : ९-२-२३८-८५-२००३

सि. नं : ५१९५/२००८

फ्याकल्टीः बि.एड.

पास वर्ष : २००८

क्याम्पसको नाम : हरि खेतान क्याम्पस, विरगंज

सम्पर्क : 9807868944


# कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।

**बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**

**साथै होम डेलिभरीको सुविधा छ।**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,